मैवाखोला गाउँपालिका

# मैवाखोला राजपत्र

## मैवाखोला गाउँपालिकाद्वारा प्रकाशित

खण्ड (२) साँघु, ताप्लेजुङ, पुष महिना ०५ गते २०८० साल (संख्या ३ )

## भाग-२

**मैवाखोला गाउँ कार्यपालिकाबाट जारी खेलकुद प्रशिक्षक परिचालन कार्यविधि, २०८० स्वीकृत भई सर्वसाधारणको जानकारीका लागि मैवाखोला राजपत्रमा प्रकाशन गरिएको छ ।**

मैवाखोला गाउँकार्यपालिकाबाट स्वीकृत मिति २०८०।०९।०१

# खेलकुद प्रशिक्षक परिचालन कार्यविधि २०८०

**प्रस्तावनाः**

विद्यालय स्तरदेखि नै किशोर किशोरी तथा युवाहरुलाई खेलकुद प्रति आकर्षित गर्दै विभिन्न विदाका खेलहरुमा उच्च क्षमतावान तथा योग्य खेलाडी उत्पादन गरि खेलकुदको क्षेत्रमा गाउँपालिका तथा जिल्लालाई सक्षम र प्रतिस्पर्धी जिल्लाको रुपमा विकास गरि प्रदेश स्तरीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय पदकहरु हासिल गर्न सहयोग पुर्याउने उद्धेश्यले मैवाखोला गाउँपालिका भित्र खेलकुदलाई व्यवस्थित एवम् प्रभावकारी रुपमा सञ्चालन गर्नको निम्ति स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम खेलकुद प्रशिक्षक परिचालन कार्यविधि २०८० बनाइएको छ ।

## परिच्छेद -१

१. **संक्षिप्त नाम र प्रारम्भः** १ यो कार्यविधिको नाम खेलकुद प्रशिक्षक परिचालन कार्यविधि २०८० रहेको छ ।

क. यो कार्यविधि मैवाखोला गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. "क्लव" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई खेलकुद गतिविधी सञ्चालन गर्ने उद्धेश्यले निर्माण भएका युवा क्लबलाई जनाउनेछ ।

ख. "गाउँपालिका" भन्नाले मैवाखोला गाउँपालिका सम्झनु पर्दछ ।

ग. "प्रशिक्षक" भन्नाले यस कार्यविधि बमोजिम परिचालन गरिने खेलकुद प्रशिक्षकलाई जनाउनेछ ।

घ. "समिति" भन्नाले मैवाखोला गाउँपालिका खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

ङ. "संघ" भन्नाले जिल्ला खेलकुद वा राष्ट्रिय खेलकुद परिषदमा दर्ता भएका खेलकुद संघलाई जनाउनेछ ।

च. "शैक्षिक संस्था" भन्नाले मैवाखोला गाउँपालिका भित्रका सार्वजनिक, सामुदायिक, संस्थागत तथा साझेदारीमा सञ्चालित विद्यालयलाई जनाउनेछ ।

## परिच्छेद -२

## खेलकुद प्रशिक्षक परिचालन सम्बन्धी व्यवस्था

३. **प्रशिक्षक परिचालनका आधार**ः प्रशिक्षक परिचालन गर्दा देहायका विषयलाई प्रमुख आधारको रुपमा लिईनेछ ।

क. सबैका लागि खेलकुदको अवधारणालाई मुर्त रुप दिने गरि खेलकुदलाई सामाजिकिकरण गर्न गाउँपालिका तथा राष्ट्रिय खेलकुद निति २०६७ मा व्यवस्था भएका विभिन्न खेल क्षेत्रहरु ।

ख. राष्ट्रका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुदको अवधारणालाई कार्यान्वयनमा ल्याउन स्थानीय तह (विद्यालय तह) देखि नै खेलकुदलाई जिवनको अभिन्न अङ्गको रुपमा समावेश गरि खेल मैत्रि स्वास्थ्य वातावरण सिर्जना गर्न ।

४. **प्रशिक्षक परिचालन क्षेत्रः** प्रशिक्षक परिचालन क्षेत्रहरु देहाय बमोजिम हुनेछनः

क. गाउँपालिका क्षेत्रभित्रका विभिन्न वडाहरु बा वडाका विभिन्न स्थानहरु ।

ख. गाउँपालिका क्षेत्रभित्रका सार्बजनिक, सामुदायिक तथा निजि विद्यालयहरु ।

ग. गाउँपालिका वा जिल्ला खेलकुद विकास समितिसँग आवद्ध खेलकुद सम्बन्धी संघ, संस्था र क्लव ।

घ. युवा लक्षित स्थानहरु ।

५. **खेलकुद प्रशिक्षक छनौट प्रक्रियाः** खेलकुद प्रशिक्षक छनौट गर्दा देहाय बमोजिमका प्रक्रिया अपनाईने छ ।

क. न्युनतम योग्यताः कुनै पनि व्याक्ति खेलकुद प्रशिक्षकको रुपमा छनौट हुन देहाय बमोजिमका न्युनतम योग्यता भएको हुनुपर्नेछ ।

अ. मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.इ.इ वा सो भन्दा माथिल्लो शैक्षिक योग्यता प्राप्त गरेको गरेको हुनुपर्नेछ ।

आ. नेपाली नागरिक हुनुपर्नेछ ।

इ. १८ बर्ष उमेर पुरा भएको हुनुपर्नेछ ।

ई. मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट प्रदान गरिएको निरोगिताको प्रमाणपत्र हुनुपर्नेछ ।

ख. मान्यता प्राप्त संस्थाबाट सम्बन्धीत खेलको खेल प्रशिक्षकको प्रमाणपत्र प्राप्त गरेको हुनुपर्नेछ ।

ग. सम्बन्धीत खेलको लागि लिईएको बिभिन्न तालिम तथा प्रशिक्षणको प्रमाणपत्र ।

घ. स्थानीय तथा अनुभवीलाई प्राथमिक्ता दिईनेछ ।

६. **खेलकुद प्रशिक्षक, परिचालन तथा व्यावस्थापन समितिः** खेलकुद प्रशिक्षक छनौट, परिचालन तथा व्यावस्थापन गर्नको लागि स्थानीय तह स्तरीय देहाय बमोजिमको पदाधिकारीहरु रहेको समिति रहनेछः

क. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख. प्रशासन शाखा प्रमुख- सदस्य

ग. शिक्षा शाखा प्रमुख - सदस्य सचिव

७. **खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** स्थानीय तह भित्र खेल प्रशिक्षक परिचालन तथा व्यावस्थापन समितिको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछन ।

क. खेलकुद प्रशिक्षकहरुको विज्ञापन वा सूचनामा दरखास्त परेका उमेद्वारहरुको दरखास्त फारम संकलन गर्ने ।

ख. उपखण्ड क बमोजिम प्राप्त हुनआएका दरखास्त फारम प्रक्रिया पुरा भए नभएको छानविन गर्ने ।

ग. योग्यता पुगेका दरखास्त फारमहरुको अनुसुची -१ बमोजिम मुल्याङ्कन गर्ने ।

घ. छनौट भएका योग्य उम्मेद्वारसँग अनुसुची -२ बमोजिमको ढाँचामा सम्झौता गरी अनुसुची -३ बमोजिमको ढाँचामा नियुक्ति पत्र दिने ।

ङ. खेलकुद प्रशिक्षकका कार्यको अनुगमन तथा मुल्याङ्कन गर्ने ।

च. गाउँपालिकाले तोकेको कार्यहरु गर्न लगाउने ।

८. **खेलकुद प्रशिक्षकको सर्त र सुविधाः** यस कार्यविधि बमोजिम परिचालन गरिने खेलकुद प्रशिक्षकको सर्त तथा सुविधा देहाय बमोजिम हुनेछन् ।

क. खेलकुद प्रशिक्षकलाई प्रति महिना रा.प. तृतीय श्रेणीले प्राप्त गर्ने सेवासुविधा वा खेलकुद प्रशिक्षक परिचालन तथा व्यावस्थापन समितिले निर्धारण गरे बमोजिमको रकम प्रदान गरिनेछ ।

ख. खेलकुद प्रशिक्षक बढिमा छ महिनाको लागि अस्थायी करार सम्झौताका आधारमा परिचालन गरिनेछ ।

ग. आवस्यक्ता अनुसार कामको प्रगती हेरि नविकरण गर्न सकिनेछ ।

घ. यातायत खर्च र सञ्चार खर्च प्रति महिना बढिमा रु दुई हजार सम्म उपलव्ध गराईनेछ ।

ङ. प्रशिक्षकले प्राप्त गर्ने अन्य सुविधाहरु खेलकुद प्रशिक्षक परिचालन समितिले गरेको निर्णय बमोजिम हुनेछन् ।

च. प्रशिक्षकले सेवा प्रवाह गर्न नचाहेमा एक महिना अगाबै समितिलाई जानकारी गराउनु पर्नेछ ।

छ. समितिलाई प्रशिक्षकको काम सन्तोषजनक नलागेमा तत्काल समितिको निर्णयबाट करार सम्झौता भंग गरि सेवाबाट निस्कासित गर्न सक्नेछ ।

९. **खेलकुद प्रशिक्षकको आचारसंहिताः** खेलकुद प्रशिक्षकले देहाय वमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ ।

क. खेलकुद प्रशिक्षकले राजनैतिक क्रियाकलापमा संलग्न हुनुहुदैन र कार्य सम्पादन गर्दा आफ्नो राजनैतिक प्रभाव पर्न दिनु हुदैन ।

ख. खेलकुद प्रशिक्षकले आफुलाई दिइएको जिम्मेवारी इमान्दारितापुर्वक पुरा गर्नुपर्नेछ ।

ग. प्रशिक्षकको लागि तोकिएको निर्बाह भत्ता बाहेक निर्णय गरेर उपलव्ध गराइएको सुविधा बाहेक प्रशिक्षकले कुनै संघ, संस्था वा व्यक्तिबाट कुनै सुविधा लिन पाईने छैन ।

घ. खेलकुद प्रशिक्षकले शिष्ट र विधिसम्बत व्यवहार अवलम्बन गर्दै आफुलाई आदर्शवान् र नमुना पात्रको रुपमा प्रस्तुत गर्नुपर्नेछ ।

ङ. खेलकुद प्रशिक्षकले सामाजिक सद्भाव र शान्ति व्यावस्था तथा वातावरणिय अनुकुलतामा खलल् पुराउने कार्य गर्न पाईने छैन ।

च. खेलकुद प्रशिक्षकले खेल प्रशिक्षणका क्रियाकलापमा खेलकुद प्रशिक्षण परिचालन तथा व्यवस्थापन समितिको निर्देशन पालना गर्नुपर्नेछ ।

छ. खेलकुद प्रशिक्षक मैवाखोला गाउँपालिकाको खेलकुद प्रशिक्षक परिचालन तथा व्यावस्थापन समितिसँग उत्तरदायी हुनुपर्नेछ ।

## परिच्छेद -३

१०. **खेलकुद प्रशिक्षकको अनुगमनः** परिचालन गरिएको खेलकुद प्रशिक्षकले गरेको कार्यहरुको अनुगमन मैवाखोला गाउँपालिका खेलकुद प्रशिक्षक परिचालन तथा व्यावस्थापन समिति वा उक्त समितिले खटाएको व्याक्तिबाट गरिनेछ ।

११. **खेलकुद प्रशिक्षकलाई आवस्यक निर्देशनः** खेलकुद प्रशिक्षककाई आवस्यक्ताको आधारमा मैवाखोला गाउँपालिका खेलकुद प्रशिक्षक परिचालन तथा व्यावस्थापन समितिले निर्देशन दिन सक्नेछ ।

१२. **आर्थिक व्यावस्थापनः** मैवाखोला गाउँपालिका खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समितिले गाउँपालिका भित्र प्रचलनमा रहेका सम्भावना बोकेका खेलहरु फुटबल, भलिबल, मार्सलआट, एथ्लेटिक्सलगायतका खेल मध्ये आवस्यक्ताका आधारमा खेलकुद प्रशिक्षक नियुक्ति गर्न सकिनेछ साथै खेलकुद प्रशिक्षकको सेवा सुविधा मैवाखोला गाउँपालिकाबाट भुक्तानि गरिनेछ ।

१३. **बाधा अड्काउ फुकाउः** यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आई परेमा मैवाखोला गाउँपालिका खेलकुद प्रशिक्षक परिचालन तथा व्यावस्थापन समितिले फुकाउन सक्नेछ ।

अनुसूची -१

दफा ७ को खण्ड ग सँग सम्बन्धित

उम्मेद्वारको योग्यता मुल्याङ्कनको आधार

| क्र.स | मुल्याङ्कनका आधार | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता | पुणाङ्क -८ | |
| | क. न्युनतम योग्यता<br>ख. माथिल्लो योग्यता | प्रथम दोस्रो तेस्रो<br>५ ३ २<br>३ २ १ | |
| २ | व्यवहारिक पक्ष | पुणाङ्क -४२ | |
| | क. खेल विज्ञान सम्बन्धी ज्ञान सिप (प्रशिक्षकका रुपमा तालिम। विद्यालय खेलकुद प्रशिक्षक लाइसेन्स प्राप्त, पुर्व अनुभव तथा खेलाडीका रुपमा पुर्व अनुभवलाई आधार मान्ने) र अभिवृत्ति | १२ | |
| | ख. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा खेलाइने खेलको प्रशिक्षक भएमा | ५ | |
| | ग. खेल प्रशिक्षण व्यावस्थापन | ५ | |
| | घ. समुदायसँग घुलमिल हुन सक्ने क्षमता | ५ | |
| | ङ. स्वयंसेवि भावना | ५ | |
| | च. शारिरिक तन्दुरुस्ती | ५ | |
| | छ. सम्वन्धित क्षेत्रको स्थानीय वासिन्दा | ५ | |
| | कुल जम्मा | ५० | |

अनुसुची -२

दफा ७ को खण्ड घ सँग सम्बन्धित

सम्झौताको ढाँचा

मैवाखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

साँघु, ताप्लेजुङ

१ नं. प्रदेश नेपाल

**मैवाखोला गाउँ कार्यपालिका र खेल प्रशिक्षक बिच गरिएको आपसी सम्झौता ।**

लिखितम् हामि तपसिल पक्षहरु आगे मैवाखोला गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय साँघु, ताप्लेजुङ (जसलाई यसपछि प्रथम पक्ष भनिनेछ) र ................ गाउँपालिका वडा नं. ....... बस्ने बर्ष ......... को श्री .......................... ( जसलाई यसपछि दोस्रो पक्ष भनिनेछ) का विच मिति .................. मा भएको सम्झौता ।

१. दोस्रो पक्षले गर्नुपर्ने मुख्य-मुख्य कार्यको विवरणः-
   क. आफुलाई खटाईएको क्षेत्र अन्तरगतका विद्यालयहरु।खेल स्थल।वडामा गई खेलकुद प्रशिक्षण उपलव्ध गराउने ।
   ख. प्रशिक्षण उपलव्ध गराउँदा उक्त क्षेत्रमा योग्य खेलाडीहरु उत्पादन गर्न सक्ने उच्च सम्भावना भएका खेललाई विशेष प्राथमिक्ता दिने ।
   ग. किशोर किशोरिहरुमा धेरै भन्दा धेरै खेलहरुको जानकारी गराउने र खेल अनुशासनको विकास गराउने ।
   घ. विभिन्न निकायहरुबाट सञ्चालित खेलकुद कार्यक्रममा सहभागिताका लागि किशोर किशोरीहरुलाई उत्प्रेरित गर्ने ।
   ङ. मैवाखोला गाउँपालिका खेलकुद प्रशिक्षक परिचालन तथा व्यवस्थापन समिति वा उक्त समितिले तोकेको व्यक्तिले दिएको निर्देशन पालना गर्ने ।
   च. आफुले प्रदान गरेको प्रशिक्षणका बारेमा तोकिएको ढाँचामा विवरण भरि मासिक रुपमा समितिमा पठाउने ।
२. बुँदा नं. १ मा उल्लेखित सेवा उपलव्ध गराए बापत प्रथम पक्षले दोस्रो पक्षलाई उपलव्ध गराउने सेवा सुविधाहरु देहाय बमोजिम हुनेछन् ।
   क. प्रथम पक्षले दोस्रो पक्षलाई मासिक रुपमा सेवा सुविधा वापत रु .......... उपलव्ध गराउनेछ ।
   ख. दोस्रो पक्षले तोकिएको कार्य समय अनुसार तोकिएको निकाय वा स्थानमा हाजिर भई प्रथम पक्षले उपलव्ध गराएको हाजिरिखातामा हाजिरि गरि काम गर्नुपर्नेछ ।उक्त हाजिरि प्रमाणित भएपछि मात्र सेवा सुविधा उपलव्ध गराइने छ ।
३. दोस्रो पक्षले आफ्नो क्षेत्रमा रहन आउने प्रथम पक्षको चल अचल सम्पत्तिको हिफाजत साथ प्रयोग गरि कार्य सम्न्न पश्चात प्रथम पक्षलाई बुझाउनु पर्नेछ ।

४. दोस्रो पक्षको काम सन्तोषजनक नभएमा प्रथम पक्षले तुरुन्त निर्णय पारित गरि सम्झौता भंग गर्न सक्नेछन् ।
५. यो सम्झौता मितिः.................... देखि मितिः............ सम्म कायम रहनेछ ।
६. प्रथम पक्षलाई हानि हुने कार्य गरेमा वा सम्झौता विपरीत कार्य गरेमा जुनसुकै बेला करार भंग गर्न सकिनेछ ।हानि नोक्सानी भएमा सोको क्षतिपुर्ती कानुन बमोजिम असुल उपर गर्न यो सम्झौताले बाधा पुर्याउने छैन ।

दोस्रो पक्षको तर्फबाटः
नामः
दस्तखतः
पदः

प्रथम पक्षको तर्फबाटः
नामः
दस्तखतः
पदः

कार्यालयको छाप

इति सम्बत २०८० साल पौष ..............गते.........रोज शुभम्

अनुसुची -३

दफा ७ को खण्ड घ सँग सम्बन्धित

नियुक्ति पत्रको ढाँचा

मैवाखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

साँघु, ताप्लेजुङ

१ नं. प्रदेश नेपाल

मितिः...............

श्री .........................,

............................. ।

वियय: खेलकुद प्रशिक्षक नियुक्ति सम्बन्धमा ।

प्रस्तुत विषयमा तपाईलाई "खेलकुद प्रशिक्षक परिचालन कार्यविधि २०८०" को दफा ७ को खन्ड घ तथा सोहि कार्यविधिको अनुसुची -२ को सम्झौता बमोजिम मितिः........... देखि मितिः............ सम्मको लागि खेलकुद प्रशिक्षकको रुपमा कामकाज गर्ने गरि नियुक्ति गरिएको छ ।

तोकिएको कार्यक्षेत्रमा कुसलतापुर्वक जिम्मेवारीहरु लगनशिलता एवं इमान्दारीपुर्वक निर्वाह गर्नुहुनेछ भन्ने अपेक्षा राखिएको छ ।

...........................
प्रमुख प्रशासकीय अधिकृत
मैवाखोला गाउँपालिक